परियोजनाको तर्फबाट राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा प्रकाशित

राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धिका लागि

# महिला विचार

# MAHILA BICHAR

त्रैमासिक बुलेटिन

वर्ष २, अंक १, माघ-चैत्र २०६६

Year 2, Vo. 1, Jan.-Mar. 2010



## आफ्नो हकप्रति सचेत सीमान्तकृत महिलाहरू राष्ट्रपतिसँग


- ज्ञापन पत्र
- नयाँ संविधानमा आदिवासी...
- सीमान्तकृत महिला...
- गतिविधिहरू


UNDEF The United Nations Democracy Fund

# सम्पादकीय


**सल्लाहकार समिति**
हेमराज लामिछाने
नवराज अधिकारी
यशोकान्ति भट्टचन
दयासागर श्रेष्ठ

**सम्पादन समिति**
सोनी लामा
नवराज कोइराला
सुरेन्द्र विष्ट

**सम्पादक**
जगतमान लामा

**सम्पादन सहयोगी**
होमराज कुँवर
मायालु तामाङ

**Advisor Committee**
*Hem Raj Lamichhane*
*Nava Raj Adhikari*
*Yashokanti Bhattachan*
*Daya Sagar Shrestha*

**Editorial Committee**
*Sony Lama*
*Nawa Raj Koirala*
*Surendra Bista*

**Editor**
*Jagat Man Lama*

**Editorial Assistant**
*Hom Raj Kunwar*
*Mayalu Tamang*


**प्रकाशकीय:**
यस बुलेटिनमा प्रकाशित लेख तथा विचारहरूले सम्बद्ध संस्थाहरूको आधिकारिक धारणालाई प्रतिनिधित्व गर्दैन ।


**Printed at:**
Baidyaju Stationery & Printers
Kathmandu, Nepal
Tel: 4433412


# सबैले होस्टेमा हैंसे गरौ

महिला त्यसमा पनि सीमान्तकृतका समस्यालाई सही ढंगले उठाउनेहरू कमै छन् । हाम्रो समाजमा केही समय अघिसम्म महिलालाई मानिसको रूपमा नै व्यवहार गरिदैनथ्यो । संवत २०४६ को आन्दोलन यता उत्पीडित क्षेत्र, जाति, जनजाति र महिलाका सवाललाई उठाउनेहरूको संख्यामा ह्वात्तै वृद्धि भयो । २०६२/६३ को आन्दोलनले त त्यसलाई गुणात्मक रूपले फड्को मार्ने स्थिति त्याइदियो । हुन त कागजी रूपले जति अधिकार महिला, जनजाति, दलित र उत्पीडित क्षेत्रलाई उपलब्ध छ, व्यवहारमा तिनले त्यती उपयोग गर्न पाएको देखिदैन । २०४७ सालको नेपाल अधिराज्यको संविधान र हालको अन्तरिम संविधानमा पनि लिंगको आधारमा भेदभाव गर्न नपाइने कुरा उल्लेख छ । तर व्यवहारमा तिनको स्थिति अत्यन्त दयानीय देखिन्छ । संविधानतः प्राप्त अधिकारलाई उपभोग गराउनु निकै ठूलो चुनौती हो । जुन कुरा विगतका संविधान लागु गर्ने सवालमा प्रष्ट देखिएको छ ।

अहिले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण प्रकृया अन्तिम चरणमा पुगेको छ । यो संविधानमा सीमान्तकृत महिलाहरूको अधिकारलाई कसरी सुनिश्चित गर्ने भन्ने सवाल अहम रूपमा खडा भएको छ । संविधानसभामा प्रतिनिधित्वको आधारमा मुसलमान, तराइ र पहाडका अल्पसंख्यक जाति, जनजाति र सीमान्तकृत जातिका महिलाको प्रतिनिधित्व पनि उल्लेखनीय छैन । जति उपस्थित छ तिनको पनि भूमिका अनेक कारणले सशक्त हुनसक्ने अवस्था छैन । यस्तो स्थितिमा अन्य चेतनशील सभासदहरूले नै त्यो जिम्मेवारी पनि पूरा गरिदिनु पर्ने अवस्था छ । तर विभिन्न कारणले अन्य पक्ष सीमान्तकृत जाति र ती जातिका महिलाहरूको समस्याप्रति उदासिन रहने खतरा देखिएको छ । यस्तो स्थितिमा संविधानसभाभन्दा बाहिराबाट पर्याप्त दवावको खाँचो देखिएको छ । संविधानसभा बाहिराबाट पर्याप्त दवाव सिर्जना गर्न सकियो भने सीमान्तकृत जाति, समुदायका महिलाको हकलाई नयाँ संविधानमा सुनिश्चित गर्न सकिन्छ ।

यो अभियानलाई तीव्र पार्न हामीले लक्षित समूहलाई नै इंगित गरेर गतिविधि गनुपर्छ । सीमान्तकृत जाति-जनजाति र समुदायका महिलाहरूलाई जागृत गराउने, तिनलाई सशक्त र प्रभावकारी कार्यक्रम संचालन गर्न अग्रसर गराउने हो भने नयाँ वन्ने संविधानमा तिनले ठगिनु पर्ने छैन । संविधानसभा बाहिराको दवावले पनि महत्वपूर्ण भूमिका खेल्ने कुरा विभिन्न घट्नाक्रमले पुष्टि गरिसकेको छ । तर त्यो भूमिकाको लागि संगठित प्रयत्नको भने खाँचो पर्छ । सीमान्तकृत महिलाहरूलाई त्यसको लागि योग्य बनाउन व्यापक रूपले सशक्तीकरणको अभियान चलाइनु आवश्यक छ । त्यो अभियानमा हामी सबैले हातेमालो गरेर अघि बढ्नु पर्छ । सबैले होस्टेमा हैंसे गर्‍यौ भने हामीलाई अवश्य सफलता हात लाग्नेछ ।

# 'नेपाली महिलाहरू अनेक भेदभावको शिकार भइरहेका छन्'

राष्ट्रपति महामहिम डा. रामवरण यादव र सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाललाई जिल्ला लोकतान्त्रिक महिला मञ्चको तर्फबाट एक प्रतिनिधि मण्डलले २०६६ चैत्र ३ गते छुट्टाछुट्टै भेटगरी "नयाँ बन्ने संविधानमा सीमान्तकृत महिलाहरूको हक अधिकारको सुनिश्चितता" सम्बन्धी सार्वजनिक बहस कार्यक्रममार्फत तयार पारिएको सुझाव सहितको ज्ञापन-पत्र हस्तान्तरण गरेको थियो । प्रस्तुत छ सोही ज्ञापन-पत्रको पूर्णपाठ-

महामहिम राष्ट्रपति डा. रामवरण यादवज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, काठमाडौं ।

महामहिम राष्ट्रपतिज्यू,

नेपालको ऐतिहासिक राजनीतिक पृष्ठभूमिमा लामो समय पश्चात पहिलो पटक नेपाली जनता संविधानसभा मार्फत समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका लागि नयाँ संविधान निर्माण प्रक्रियामा जुटेका छन् । मुलुकमा शान्ति प्रक्रिया र नयाँ संविधान निर्माण प्रक्रियाका लागि दलहरू बीच देखिएको मतभेदको यसघडीमा महामहिम राष्ट्रपतिज्यूको कार्यकुशलताबाट हामी नेपाली जनताले तोकिएको समयमा नै नयाँ संविधान प्राप्त गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन सफल हुनेछौं भन्ने आशा हामीले लिएका छौं ।

नेपालको विभिन्न कालखण्डमा लोकतन्त्रका लागि भएका आन्दोलनमा नेपाली महिलाहरूको योगदानलाई कदापि पनि भुल्न सकिदैन । तर पनि नेपाली महिलाहरू आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, कानुनी लगायत हरेक क्षेत्रमा भेदभावको शिकार भइरहेका छन् । वर्षौंदेखि भइरहेको महिला विरुद्धको भेदभावको फलस्वरुप आज देशको आधा जनसंख्या ओगट्ने महिलाहरू पुरुषको तुलनामा हरेक क्षेत्रमा पछाडि पारिएका छन् । धर्म, संस्कृति र भाषाहरू राष्ट्रका सम्पत्ति तथा पहिचान हुन् । तर राज्यले यी सबै समुदाय, क्षेत्र र जातजातिका भाषा, धर्म र संस्कृतिलाई समान रुपमा मान्यता दिन



राष्ट्र प्रमुखलाई ज्ञापन पत्र बुझाउँदै लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधिहरू

र विकास गर्न सकेको छैन, बरु यिनै आधारहरूमा महिलाहरूलाई पछाडि पारिएको तथा सीमान्तकृत बनाइएको छ र महिलाहरू लैङ्गिक रुपमा दोहोरो विभेदको शिकार भएका छन् । यसैले जनसहभागितामा संविधानसभा मार्फत् निर्माण हुन गइरहेको समावेशी स्वरुपको नयाँ संविधानमा अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका महिलाको हक अधिकारको मान्यता र संरक्षणको संवैधानिक सुनिश्चितता गर्न नितान्त आवश्यक देखिन्छ ।

यसै परिप्रेक्षमा संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोषको सहयोग, जिल्ला विकास समिति महासंघ नेपालको अगुवाई तथा विश्व परिदृश्य बकालत मञ्च र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको संयुक्त पहलमा विगत २०६५ साल कार्तिकदेखि देशका पाँच जिल्लाहरू (संखुवासभा, काभ्रे, ललितपुर, बाँके र कञ्चनपुर) मा **सीमान्तकृत महिलाहरूको राजनैतिक सहभागिता अभिवृद्धि** कार्यक्रम सञ्चालन गर्दै आएको व्यहोरा महामहिम राष्ट्रपतिमा विनम्र अनुरोध गर्न चाहन्छौं । कार्यक्रमको उद्देश्य नेपालको राजनीति तथा लोकतान्त्रिक अभ्यासमा सीमान्तकृत महिलाहरूको प्रत्यक्ष सहभागिता बढाई राजनैतिक सशक्तीकरण गर्ने रहेको र सोही अनुसार सीमान्तकृत महिलाहरूको जिल्ला तथा गाउँस्तरीय लोकतान्त्रिक महिला मञ्चहरू गठन भएको र वर्तमान नयाँ संविधान निर्माण प्रक्रियामा संलग्न भई स्थानीयस्तरमा सीमान्तकृत महिलाहरूको हक अधिकारका विषयमा पैरवी र पक्षपोषण कार्यमा निरन्तर लागिरहेको व्यहोरा महामहिम राष्ट्रपतिज्यूमा निवेदन गर्दै वर्तमान ऐन कानून, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, संविधानसभाका विषयगत समितिहरूले पेश गरेको प्रतिवेदनहरू केलाउँदै जिल्ला तथा केन्द्रमा आयोजित सार्वजनिक बहस कार्यक्रमबाट प्राप्त सुझावहरूका आधारमा नेपालको नयाँ बन्ने संविधानमा सीमान्तकृत महिलाहरूको निम्नानुसारका हक अधिकारहरू सुनिश्चित गर्न महामहिम राष्ट्रपतिज्यूको समीपमा विनम्र निवेदन गर्दछौं ।

१. **महिला हकसम्बन्धी विषयहरू**

- राज्यले महिला सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको परिपालना गरी राज्यका हरेक निकायमा समानुपातिक रुपमा महिलाहरूको सहभागिता सुनिश्चित गराउनु पर्ने । कम्तिमा पनि ५० प्रतिशत महिला प्रतिनिधित्व हुने व्यवस्था गरी सीमान्तकृत महिलाहरूको हकमा ३३ प्रतिशत आरक्षणको व्यवस्था हुनु पर्ने ।
- मौलिकहकका व्यवस्थाहरू कानून बमोजिम नभई संविधानमा सुनिश्चित हुने व्यवस्था हुनुपर्ने ।
- महिलालाई पैतृक सम्पत्तिमा पुरुष सरह अधिकार हुनुपर्ने ।
- एकल महिलालाई सामाजिक सुरक्षा सम्बन्धी सुविधा दिदा उमेरको आधारमा नभई अवस्था हेरेर तथा विधवाले विधवा भएकै दिन देखि भत्ता पाउने व्यवस्था हुनुपर्ने र उनीहरूसँग आश्रित बालबालिकालाई राज्यले शिक्षा र स्वास्थ्यमा विशेष व्यवस्था गर्नुपर्ने ।
- सामाजिक सुरक्षाको हक अन्तर्गत एकल महिलालाई मात्र समेटिएको हुँदा त्यस अन्तर्गत अन्य जीविका धान्न नसक्ने अवस्थामा रहेका महिलाहरू समेत समेटिनु पर्ने व्यवस्था गर्नु पर्ने ।
- यौनजन्य अपराध तथा चेलीबेटी बेचबिखन गर्नेलाई क्षमा दिन नसक्ने वा आजीवन कारावासको सजाय हुने व्यवस्था गर्नुपर्ने ।
- महिलालाई विभेद गरेमा दण्डनीय हुने तथा विभेदबाट परेको असरलाई सम्बोधन गर्न पीडित महिलाले क्षतिपूर्ति पाउने प्रावधान राखिनु पर्ने ।
- महिलासँग सम्बन्धित विवादहरूको सुनिश्चितताको लागि बन्द इजलास र गोपनियताको व्यवस्था गर्नुपर्ने ।

CamScanner

२. **नागरिकता सम्बन्धी विषयहरू**

- वंशजको आधारमा नागरिकता प्राप्त गर्दा आमा र बाबु दुबैको नाम उल्लेख हुने व्यवस्था हुनु पर्ने ।
- महिलाको विवाहपछि पनि माइतबाट नै नागरिकता बनाउन चाहेमा सो समेत लिन सकिने कानुनी व्यवस्था हुनु पर्ने ।
- विवाहित पुरुषले नागरिकता लिदा श्रीमतीको नाम अनिवार्यरुपमा खुलाउने व्यवस्था हुनु पर्ने ।
- वंशजको आधारमा नागरिकता प्रदान गर्दा महिलाको पहिचान हुने गरी आमाको नामबाट पाउने व्यवस्था स्पष्ट गरिनु पर्ने ।
- विदेशी नागरिकसंग विवाह भई महिला तथा पुरुषलाई अंगिकृत नागरिकता प्रदान गर्दा नेपालमा बसोबास गरेको आधारमा प्रदान नगरि विदेशी नागरिकता त्यागेमा तत्कालै प्रदान गरिनु पर्ने व्यवस्था हुनुपर्ने ।
- विदेशीसंग विवाह भएको र महिला विधवा भएमा वा श्रीमानले परित्याग गरेमा नेपालको नागरिकता लिन चाहनेले विदेशी नागरिकता त्यागेमा सजिलै नेपाली नागरिकता पाउनुपर्ने व्यवस्था हुनुपर्ने ।
- विदेशी नागरिकसंग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

३. **अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका महिलाका विशेष हकसम्बन्धी विषयहरू**

- मस्यौदामा उल्लेख भए बमोजिम प्रस्तावनामा नै पछाडि पारिएका वर्ग, जाति, लिङ्ग, अल्पसंख्यक, सीमान्तकृत तथा बहिस्करणमा परेका समुदायका महिलाहरूको अधिकारको पूर्ण प्रत्याभूति सहित राज्य व्यवस्थाका हरेक तह र तप्कामा सीमान्तकृत महिलाहरूको समानुपातिक प्रतिनिधित्व हुनु पर्ने ।
- राष्ट्रको परिभाषा गर्दा मस्यौंदामा उल्लिखित जातीय पछि लैंगिक र अन्य प्रकारका विभेद पनि उल्लेख गर्नुपर्ने । साथै सीमान्तकृत जाति र समुदाय पनि अनिवार्यमा उल्लेख हुनुपर्ने ।
- अल्पसंख्यक, सीमान्तकृत तथा वहिस्करणमा परेका समुदायका महिलाका लागि अन्तर्राष्ट्रिय महासन्धिका दस्तावेजहरूमा गरिएको प्रतिवद्धताहरूलाई संवैधानिक सुनिश्चितता प्रदान गर्नु पर्ने ।
- शिक्षालाई मौलिक हक अन्तर्गत राखी राज्यले आदिवासी, जनजाति, दलित, मुस्लिम, तथा मधेशी एवं विपन्न र वहिष्करणमा पारिएका महिलाहरूको लागि उच्च शिक्षासम्म निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने ।
- अल्पसंख्यक सीमान्तकृत आयोग र अल्पसंख्यक सीमान्तकृत महिलाकालागि महिला आयोग छुट्टाछुट्टै गठन गर्नुपर्ने ।
- सीमान्तकृत समुदाय तथा महिलाहरूलाई निःशुल्क कानूनी सेवाको व्यवस्था हुनुपर्ने ।
- सीमान्तकृत समुदायका लागि अनिवार्य रुपमा निःशुल्क सीपमूलक शिक्षाको व्यवस्था साथै निशुल्क स्वास्थ्य सेवा र सुत्केरी भत्ताको व्यवस्था हुनुपर्ने ।
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका महिलाहरूलाई स्वदेशमानै रोजगारीको ग्यारेण्टी गर्नु पर्ने साथै वैदेशिक रोजगारीमा सुरक्षा सहित निःशुल्क पठाउने व्यवस्था गर्नुपर्ने ।
- महिला भित्र विविधतालाई सम्बोधन गर्दै अल्पसंख्यक, सीमान्तकृत महिलालाई विशेष व्यवस्थाभित्र पनि थप विशेष व्यवस्था गर्नुपर्ने (जस्तै: रोजगारका लागि उमेरको हदवन्दी नहुने, निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगार तथा भूमि वितरण, नेतृत्व तहमा पुऱ्याउन विशेष प्राव्धान आदि)
- अन्तरजातीय विवाह गर्नेलाई राज्यले रोजगारीको व्यवस्था गर्नुपर्ने र अन्तरजातीय विवाहमा महिलालाई सुरक्षाको व्यवस्था सुनिश्चित गरिनु पर्ने ।
- तेश्रो लिङ्गीलाई सम्मानित तरिकाले विशेष कानून सहित पहिचानको व्यवस्था हुनु पर्ने ।
- अल्पसंख्यक र सीमान्तकृत समुदायको भाषिक अस्तित्व कायम गर्ने र राष्ट्रले मान्यता दिने व्यवस्था गर्नु पर्ने ।
- राज्यले दिने राष्ट्रियपर्व तथा चाडपर्वमा सवै जातीय समुदायलाई सम्मान गर्दै विदाको व्यवस्था हुनुपर्ने ।
- जल, जमीन र जंगलमा आदिवासी जनजातिको लागि आइएलओ महासन्धि नं. १६९ अनुसारको व्यवस्था हुनुपर्ने ।

४. **विभिन्न राजनीतिक निकायहरू (स्थानीय, संघीय तथा केन्द्रीय व्यवस्थापिका र सरकारहरू ) मा महिलाहरूको पहुँच र प्रतिनिधित्वको सुनिश्चितताको अधिकार सम्बन्धी विषयहरू**

- राज्यका हरेक निकायमा (स्थानीय, प्रादेशिक र केन्द्रीय सरकार) तथा विभिन्न आयोगहरूमा कम्तीमा ५० प्रतिशत महिलाको निर्णायक सहभागिता हुनुपर्दछ र स्थानीय तहका हरेक संघ संस्था र कार्यालयमा समानुपातिक र समावेशी आधारमा महिलालाई सहभागी गराउनुपर्ने ।
- संघीय तथा प्रादेशिक मन्त्रिपरिषद्को गठन गर्दा व्यवस्थापिकाका सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्तका आधारमा गर्ने भनिए तापनि त्यसले महिलाको सहभागिताको सुनिश्चितता नगरेको हुँदा समानुपातिक एवं समावेशीको अगाडि लैङ्गिक भन्ने शब्द थप गरी महिलाको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने ।
- राज्य, संघीय प्रणालीमा जाने भएकोले हरेक प्रान्तमा सीमान्तकृत वर्गको अधिकार सहित प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्ने ।
- महिला आयोगलाई संवैधानिक बनाइनुपर्ने ।
- महिलाको लागि बन्ने योजना, बजेट तथा त्यसको कार्यान्वयन, अनुगमन तथा मुल्यांकनमा महिलाहरूकै अनिवार्य उपस्थिति र सहभागिताको सुनिश्चितता गर्नु पर्ने ।
- सरकारी कार्यालयमा आफ्नै मातृभाषा कामकाजीको भाषा हुनुपर्ने ।

५. **न्यायालय, सार्वजनिक सेवा तथा आयोगहरूमा महिलाहरूको पहुँच र प्रतिनिधित्वको अधिकार सम्बन्धी विषयहरू**

- संवैधानिक समितिहरूमा रहने पदाधिकारीहरू तथा न्यायाधीशको नियुक्तिमा समानुपातिक प्रतिनिधित्वको व्यवस्थासँगै लैङ्गिक समानुपातिक प्रतिनिधित्व र समावेशिता भन्ने स्पष्ट रुपमा लेखिनु पर्ने ।
- न्याय क्षेत्र, संवैधानिक आयोग आदिमा अल्पसंख्यक र सीमान्तकृत महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिनु पर्ने ।
- न्यायाधीशको नियुक्तिमा समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्त अपनाई हरेक तहका अदालतमा समानुपातिक रुपमा महिला न्यायाधीशहरूको नियुक्ति हुनुपर्ने ।
- तहगत रुपमा गाउँ, इलाका, जिल्ला र केन्द्रमा अदालतको व्यवस्था हुनुपर्ने र ती सवै ठाउँमा महिला अदालतको व्यवस्था हुनुपर्ने ।
- महिलाहरूको विशेष इजलास हुनुपर्ने र पारिवारिक इजलास हुनुपर्ने ।
- सीमान्तकृत महिलाहरूलाई कानूनी सहयोग लिनुपरेमा निशुल्क, संरक्षण गृह सहित राहतमुखी कार्यक्रम हुनुपर्ने ।
- महिलासंग सम्बन्धित विवादको सन्दर्भमा बन्द इजलास र गोपनीयताको व्यवस्था गर्नु पर्ने ।



... प्रतिनिधिहरू

- शान्तिकुमारी राई

# नयाँ संविधानमा आदिवासी जनजाति महिलाहरूको स्थान

सरल भाषामा भन्नु पर्दा संविधान माऊ कानून हो । संविधानसँग मेल नखाने वा संविधानसँग बाझिने कानूनहरू स्वतः निष्क्रिय वा अमान्य हुन्छन् । संसारको कुनै पनि मुलुकमा कस्तो राज्य व्यवस्था र कानूनी शासन छ ? भन्ने विषयमा जानकारी चाहिएमा सम्बन्धित देशको संविधान हेरे पत्ता लाग्छ । अर्थात् संविधान भनेको ऐना हो, जसमा सम्बन्धित मुलुकको राज्य व्यवस्था, शासन व्यवस्था, कानूनी शासन देख्न/थाहा पाउन सकिन्छ ।

नेपाल भौगोलिक रुपमा एक सुन्दर, जातिगत, भाषिक, धार्मिक र साँस्कृतिक बहुलतामा धनी, विविधतामा एकता तथा विशिष्टतापूर्ण देश हो । यो सुन्दर देशमा जहिले पनि शासकहरूले आफ्नो स्वार्थमा मात्र शासन सञ्चालन गरी आम नेपाली जनताको चाहना, भावना र आवश्यकतालाई उपेक्षा गरेको यथार्थता घाम जत्तिकै छर्लङ्ग छ । अर्को शब्दमा भन्नु पर्दा २४० वर्षदेखि यस देशका शासकहरूले एकल जाति, भाषा, धर्म, संस्कृतिको आधारमा एकात्मक, केन्द्रिकृत, निरङ्कुश राजतन्त्रात्मक शासन सञ्चालन गरे र अन्यलाई शोषण, दमन, अन्याय, अत्याचार गर्दै सधैं जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक उत्पीडन जारी राखे । यस्तो उत्पीडन विरुद्ध नेपाली जनताले पटक-पटक संघर्ष, आन्दोलन, कान्ति र जनयुद्ध छेंडेको व्यहोरा इतिहास साक्षी छ ।

'भरिएपछि पोखिन्छ भने' झैं पछिल्लो १० वर्षे सशस्त्र जनयुद्ध तथा १९ दिने सशक्त जनआन्दोलन गरी युगौंदेखिको उत्पीडनबाट मुक्ति पाउनका लागि नेपाली जनता छताछुल्ल पोखिए । फलस्वरुप २४० वर्षदेखिको सामन्ती एकतन्त्रीय राजतन्त्र ढल्यो, तर सामन्ती संस्कार ढलेको छैन । पूरानै मानसिकता र पूरानै ढाँचामा अहिले पनि शासन सञ्चालन भइरहेको छ । अतः अब पुनः एक पटक एक धक्क दिएर सामन्ती सोंच, संस्कार र व्यवहारलाई उखेली फ्याक्नै पर्दछ । किनकि सामन्ती संस्कारलाई नफाली यो देशका जनता नागरिक बन्न सक्तैनन् । यसकारण लगभग पौने तीन करोड नेपाली जनता नागरिक बन्नलाई पूरानोलाई भत्काउनै पर्दछ र नयाँ निर्माण गर्नु पर्दछ । पौने तीन करोड नेपाली जनता ( सरकारी तथ्याङ्क अनुसार २३१५१४२३ जनसंख्या मध्ये ३७ प्रतिशत ओगट्ने आदिवासी जनजाति र ( ३७ प्रतिशतलाई १०० प्रतिशत मानी ) त्यसमध्ये पनि ५०.४ प्रतिशत जनसंख्या ओगट्ने आदिवासी जनजाति महिलाहरूको मुक्ति र आदिवासी जनजाति पुरुष सरह तथा गैर आदिवासी जनजाति महिला सरह समान हक अधिकार पाउन निकै कसरत (संघर्ष) गर्नैपर्ने हुन्छ ।

नेपालमा सशस्त्र जनयुद्ध तथा सशक्त जनआन्दोलनको परिणामस्वरुप निरङ्कुश राजतन्त्रको अन्त्य भई नेपाल गणतन्त्रमा परिणत भइसकेको छ र अहिले



*छलफलमा व्यस्त आदिवासी जनजाती महिलाहरू*

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार राज्य सञ्चालन भइरहेको छ । साथ साथै संविधानसभामार्फत नयाँ संविधान निर्माण प्रक्रिया चलिरहेको छ । देशको संविधान बन्न गइरहेको अवस्थामा भावी संविधानमा आदिवासी जनजाति महिलाको स्थान विषयमा छलफल चलाई अभिमत तयार गर्नुको साथै त्यो अभिमतमा व्यक्त अवधारणा नयाँ संविधानमा लिपिबद्ध गरिनु पर्दछ । संविधानमा लिपिबद्ध हक अधिकारहरू कुनै पनि कानूनद्वारा अवज्ञा वा खारेज गर्न सकिदैन/मिल्दैन । त्यसैकारण संविधानमा नै आदिवासी जनजाति महिलाहरूको हक अधिकार पनि मौलिक हक अर्न्तगत नै लिपिबद्ध गरिनु पर्दछ ।

हक अर्न्तगत आदिवासी जनजातिहरूको लागि आत्मनिर्णयको अधिकारसहित जातीय स्वायत्तता र स्वाशासन तथा राज्यको समग्र संरचनाको जातीय समानुपातिक समावेशीको आधारमा आदिवासी जनजातिहरूको प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्दछ । साथै आदिवासी जनजाति महिलाको पहिचानलाई मान्यता दिई पहिचानसहित राज्यको हरेक अंगमा समानुपातिक प्रतिनिधित्वको आधारमा सहभागि हुने अधिकारको ग्यारेण्टी गरिनु पर्दछ । त्यसका साथै आदिवासी जनजाति महिला विरुद्ध हुने सबै प्रकारका जातीय र लैगिक विभेदको अन्त्य गरी लैङ्गिक समानताको ग्यारेण्टी गरिनु पर्दछ ।

यस अतिरिक्त अन्तराष्ट्रिय कानूनहरू ( सबै प्रकारका जातीय भेद्भाव उन्मूलन गर्ने सम्बन्धि अन्तराष्ट्रिय महासन्धि १९६५, महिला विरुद्ध हुने सबै किसिमका भेद्भाव उन्मुलन गर्ने महासन्धि १९७९, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय अनुबन्ध १९६६, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय अनुबन्ध १९६६, आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ द्वारा प्रत्याभूत/प्रदत्त महिला, आदिवासी जनजाति तथा आदिवासी जनजाति महिलाको अधिकारहरू संविधानमा लिपिबद्ध गरिनु पर्दछ । किनकि राज्यद्वारा अनुमोदित

**"आदिवासी जनजाति महिलाको पहिचानलाई मान्यता दिई पहिचानसहित राज्यको हरेक अंगमा समानुपातिक प्रतिनिधित्वको आधारमा सहभागि हुने अधिकारको ग्यारेण्टी गरिनु पर्दछ । त्यसका साथै आदिवासी जनजाति महिला विरुद्ध हुने सबै प्रकारका जातीय र लैगिक विभेदको अन्त्य गरी लैङ्गिक समानताको ग्यारेण्टी गरिनु पर्दछ ।"**

**"एक धक्क दिएर सामन्ती सोंच, संस्कार र व्यवहारलाई उखेली फ्याक्नै पर्दछ ।"**

तथा सहमति गरी सकिएका उक्त अन्तराष्ट्रिय कानूनहरूलाई प्रभावकारी कार्यान्वयन गरिनु पर्ने राज्यको दायित्व नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ड) मा तोकिएको छ। यस्तैगरी नेपाल सन्धि ऐन, २०४७ को दफा (९) मा सरकार (राज्य) पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसम्म बाझिएमा, बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ भन्ने व्यवस्था गरिएको छ। अतः संयुक्त राष्ट्रसंघको एक जिम्मेवार सदस्य राष्ट्रको नाताले हालसम्म नेपालले सहमति तथा अनुमोदन गरिसकेको अन्तराष्ट्रिय सन्धि, सम्झौताको प्रभावकारी कार्यान्वयन एवं अक्षरशः पालना गर्नै पर्दछ।

सारंशमा भन्नुपर्दा नेपालका समग्र महिलाहरू अवसरको अभावमा जहिलेपनि पछाडि नै रहनु परेको तीतो सत्य सर्वविदितै छ। यसमा पनि आदिवासी जनजाति महिलाहरू-महिला भएको कारणले विभेदमा पर्नु परेको र आदिवासी जनजाति महिला भएको कारण तेहरो शोषण तथा उत्पीडनमा परी अझ पछाडि पर्नु परेको अवस्था छ। यस्तो अवस्थाबाट उन्मुक्ति पाउन राज्यद्वारा आदिवासी जनजाति महिलाहरूको लागि पहिचानसहितको विशेष व्यवस्था गर्नु पर्दछ। साथै राज्यको सबै निर्णायक अङ्ग/तहमा जातीय तथा लैङ्गिक समानुपातिक समावेशीको आधारमा उनीहरूको पहुँचको ग्यारेण्टी गरिनु पर्दछ।

राज्यले बनाउने कानून ( ऐन, नियम, योजनाका नीति ) हरू सबैमा जातीय, वर्गीय, क्षेत्रीय तथा लैङ्गिक सन्तुलनको आधारमा सबैको प्रतिनिधित्व हुने व्यवस्था गरिनु पर्दछ। अहिले मुलुकमा संविधान निर्माणको कार्य भइरहेको हुँदा अब बन्ने नयाँ संविधानमा नै माथि उल्लेखित विषयहरू समावेश गरिनु पर्दछ, जसले गर्दा सबै जाति, वर्ग क्षेत्र लिङ्गका समुदायले त्यो संविधानको स्वामित्व लिन सकुन् र 'यो संविधान मेरै हो' भन्ने भावना र अपनत्व प्रत्येक नेपालीमा जागृत भई नयाँ संविधानलाई सहर्ष स्वीकार गर्न सकियोस् र नयाँ संविधानको आयु अनन्तकालतक रहोस्। संविधान जारी भएको भोलिपल्टैदेखि संविधान क्षतविक्षत भएको स्थिति देख्न/सुन्न नपरोस्। यो सन्देश सम्पूर्ण सभासद्हरूमा यथाशिघ्र पुगोस् र यसलाई सभासदहरूद्वारा गम्भीरतापूर्वक मनन तथा ग्रहण गरी भोलिका सन्ततीले सत्तोश्राप गर्ने स्थिति सृजना नहोस्।


*(राई, नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धि वकिल समूह लाहुर्निपका अध्यक्ष एवं नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदार हुनुहुन्छ।)*





*गोष्ठीलाई सम्बोधन गर्दै लोकतान्त्रिक महिला मञ्च, कञ्चनपुरकी अध्यक्ष काली चौधरी*



*खुल्ला चउरमा लोकतान्त्रिक मञ्चको बैठक गदै महिलाहरू*



*रेडियो कार्यक्रम महिला आवाजका लागि सूचना सामाग्री संकलन गर्दै*



*लोकतान्त्रिक मञ्चको बैठकमा महिला विचार बुलेटिन पढ्दै महिलाहरू*

CamScanner

# सीमान्तकृत महिलाहरू गाविसदेखि राष्ट्रपति भवनसम्म

- होमराज कुँवर

नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिबृद्धि परियोजना सञ्चालन भएको जिल्लामा शुरू-शुरुमा बोल्न पनि हिच्किचाउने गाउँले महिलाहरू अहिले गाविस, जिविस, जिल्ला हुदै केन्द्रसम्म आफ्नो पहुँच बढाउन सक्षम भएका छन् । २०६६ चैत्र ४ गते सीमान्तकृत महिलाहरूले आफ्नो हक अधिकार अब आउने संविधानमा समावेश हुनुपर्ने र विभिन्न मस्यौदामा थप गरिनुपर्ने भनी सभासदहरू, सभामुख, प्रधानमन्त्री तथा सम्माननीय राष्ट्रपतिसँग भेट गरेका थिए ।

महिला र पुरुषबीच जति समानताको कुरा गरे पनि व्यवहारमा लागु हुन सकेको छैन । राज्यको हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाको सहभागिता निकै कम रहेको पाइन्छ। झनै नेपालको राजनीतिमा महिलाको सहभागिता अत्यन्तै न्यून छ । राजनीतिमा महिला सहभागिता बढाउनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रयास गरिरहेका छन् । जिल्ला विकास समिति महासंघ नेपालको अगुवाईमा विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी जनजाति महिलामञ्चको सहकार्यमा सिमान्तकृत महिलाहरूको राजनैतिक सहभागिता अभिबृद्धि गराउने उद्देश्यका साथ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना सञ्चालनमा छ । परियोजनाले संखुवासभा, काभ्रेपलाञ्चोक, लमजुङ, बाँके र कञ्चनपुरमा सीमान्तकृत महिलाहरूको समूह गठन गरि महिलाहरूलाई विभिन्न माध्यमबाट राजनैतिक सचेतना बढाउदै आइरहेको छ। लोकतान्त्रिक महिला मञ्चमा, सीमान्तकृत, आदिवासी जनजाति, दलित र पछाडि पारिएका महिलाहरूको उल्लेख्य सहभागिता छ । राजनीति के हो ? राजनीतिमा महिला सहभागिता किन आवश्यक छ ? भन्ने यहाँका सीमान्तकृत महिलाहरूलाई थाहा थिएन । पुरूषप्रधान ग्रामीण समाजमा महिलालाई घर बाहिर निस्कन निकै गाह्रो छ । तर लोकतान्त्रिक महिला मञ्चमा आवद्ध भै विभिन्न गतिविधिमा संलग्न हुँदै

> **राजनीतिमा महिला सहभागिता बढाउनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रयास गरिरहेका छन् । जिल्ला विकास समिति महासंघ नेपालको अगुवाईमा विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिबासी जनजाति महिलामञ्चको सहकार्यमा सिमान्तकृत महिलाहरूको राजनैतिक सहभागिता अभिबृद्धि गराउने उद्देश्यका साथ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना सञ्चालनमा छ ।**



राष्ट्रपति डा. रामवरण यादवका साथ लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधिहरू

CamScanner

आएपछि स्थानीय महिलाप्रति पुरूषहरूको सोंचमा विस्तारै परिवर्तन आएको आभास हुन्छ । काभ्रेपलाञ्चोकको देवभूमि बालुवा गाविसको लालिगुराँस लोकतान्त्रिक महिला मञ्चकी अध्यक्ष मैना दनुवारलाई पनि शुरुका दिनमा घर बाहिर निस्कन निकै गाह्रो हुन्थ्यो । अहिले भने परिवारले नै सहयोग गरेको छ ।

विगतमा घरबाट बाहिर निस्कन जतिसुकै कठिन भए तापनि अहिले लोकतान्त्रिक महिला मञ्चका महिलाहरू खुलेर समुहमा आफना समस्याहरू एक अर्कासँग साट्छन र आफनो समुदायमा आईपरेका समस्याको समाधान गर्न एकजुट भइ लागि पर्छन् । महिला मञ्चले राजनीतिक कुरा मात्र होइन अन्य सामाजिक गतिविधिहरूमा पनि सक्रियरुपमा काम गर्दै आइरहेको छ । यद्यपि स्थानीय राजनैतिक दलहरूले लोकतान्त्रिक महिला मञ्चलाई अझैपनि सकारात्मक रुपमा लिन सकेका छैनन् । तैपनि सामाजिक कामका लागि गाविस, जिविसबाट आर्थिक सहयोग लिई काम गर्न थालेको काभ्रेपलाञ्चोक जिल्लाका जिल्ला लोकतान्त्रिक महिला मञ्चकी सचिव साबित्री राना मगर भन्नुहुन्छ ।

महिला अधिकारका लागि सामाजिक परिवर्तनमा लाग्ने क्रममा महिलाहरूले विभिन्न धाक धम्की समेत खेप्नु परेको छ । त्यसो त नयाँ काम गर्न पक्कै पनि सजिलो छैन् । सामाजिक परिवर्तनको अभियानमा लागेका लोकतान्त्रिक महिला मञ्चका सदस्यहरूलाई स्थानीय महिलाहरूले पनि साथ दिएका छन् । अन्य महिलाहरूको साथ पाएर नै लोकतान्त्रिक महिला मञ्चका महिलाहरू गाविस, जिविस, जिल्ला हुदै राजधानीसम्म आईपुगेका छन् । २०६६ चैत्र ४ काठमाडौंमा सम्पन्न सीमान्तकृत महिलाहरूको राजनैतिक अधिकार सम्बन्धी राष्ट्रिय बहस कार्यक्रममा सहभागी हुन पाँचवटै जिल्लाका लोकतान्त्रिक महिला मञ्चका सदस्य महिलाहरू राजधानी आइपुगेका थिए । उक्त कार्यक्रममा महिला मञ्चका पदाधिकारीले जिल्लास्तरीय बहस कार्यक्रमबाट प्राप्त भएका सुझावहरूलाई संविधानसभाका सभामुख सुवासचन्द्र नेम्वाङ समक्ष पेश गरेका थिए । नयाँ बन्ने संविधानमा महिला हक-अधिकार सम्बन्धि मस्यौदा प्रतिवेदनमा समावेश गरिनुपर्ने थप व्यवस्थाकाबारेमा सीमान्तकृत महिलाहरूले सुझाव दिए ।

राष्ट्रिय बहस कार्यक्रमको समापन पछि लोकतान्त्रिक महिला मञ्चका महिलाहरूले गणतान्त्रिक नेपालका पहिलो निर्वाचित राष्ट्रपति महामहिम श्री रामवरण यादव तथा सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालसँग भेटघाट गर्ने सुवर्ण अवसर पाएका थिए । महामहिम राष्ट्रपति तथा सम्माननीय प्रधानमन्त्रीसँगको भेटमा महिला मञ्चका प्रतिनिधिहरूले नयाँ बन्ने संविधानमा सीमान्तकृत महिलासम्बन्धी मस्यौदा प्रतिवेदनमा समावेश हुन नसकेका व्यवस्थाहरू थप गरिनुपर्छ भनी आफ्ना मागहरू प्रस्तुत गरेका थिए । लोकतान्त्रिक महिला मञ्चमा आवद्ध सीमान्तकृत महिलाहरू आफ्नो गाविसदेखि राष्ट्रपतिसम्म आई आफ्नो माग प्रस्तुत गर्न पाउँदा ज्यादै खुसी देखिन्थे भने मागहरू समावेश हुने कुरामा बिश्वस्त भएका थिए । तिनले यसरी सभामुख, प्रधानमन्त्री, राष्ट्रपतिसँग आफ्ना समस्याहरू बताउने कुरा सोचेका पनि थिएनन् ।

सीमान्तकृत महिलाहरू गाविसदेखि संविधानसभाका सभामुख, प्रधानमन्त्री र राष्ट्रपतिसम्म आफ्नो मागका बारेमा खुलेर राख्ने मौका पाए । यस्तो मौका दिएको हो जिल्ला विकास समिति महासंघ नेपालको अगुवाईमा विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको सहकार्यमा सञ्चालित नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजनाले । आशा गरौ, सीमान्तकृत महिलाहरूले प्रस्तुत गरेका मागहरू नयाँ बन्ने संविधानमा समावेश हुनेछन ।

विगतमा घरबाट बाहिर निस्कन जतिसुकै कठिन भए तापनि अहिले लोकतान्त्रिक महिला मञ्चका महिलाहरू खुलेर समुहमा आफना समस्याहरू एक अर्कासँग साट्छन र आफनो समुदायमा आईपरेका समस्याको समाधान गर्न एकजुट भइ लागि पर्छन् । महिला मञ्चले राजनीतिक कुरा मात्र होइन अन्य सामाजिक गतिविधिहरूमा पनि सक्रियरुपमा काम गर्दै आइरहेको छ ।



**विश्व परिदृष्य वकालत मञ्चले सञ्चालन गर्दै आएको यस परियोजनाको रेडियो कार्यक्रम "महिला आवाज" सुन्न नबिर्सनु होला । हाम्रो रेडियो कार्यक्रम निम्न रेडियो स्टेशन तथा समयमा सुन्न सक्नु हुनेछ :**

१) उज्यालो ९० नेटवर्क, काठमाडौं, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

२) रेडियो खाँदबारी एफ.एम., १०५.८ मेगाहर्ज, संखुवासभा, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

३) रेडियो नमोबुद्ध एफ.एम., १०६.७ मेगाहर्ज, काभ्रेपलाञ्चोक, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

४) मर्स्याङ्दी एफ.एम., ९५.० मेगाहर्ज, लमजुङ, प्रत्येक शुक्रबार साँझ ७:०० देखि ७:३० बजेसम्म ।

५) रेडियो भेरी एफ.एम., ९४.५ मेगाहर्ज, बाँके, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

६) शुक्लाफाँटा एफ.एम., ९९.४ मेगाहर्ज, कञ्चनपुर, प्रत्येक शुक्रबार साँझ ७:१५ देखि ७:४५ बजेसम्म ।

CamScanner

# पाँच जिल्लामा सार्वजनिक छलफल

काठमाडौं/जिल्ला विकास समिति महासंघको अगुवाईमा विश्व परिदृश्य बकालत मञ्च र राष्ट्रिय आदिवासी महिला मञ्चको सहकार्यमा सञ्चालन भैरहेको "नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि कार्यक्रम" अन्तर्गत परियोजना सञ्चालन भैरहेका कञ्जनपुर, बाँके, लमजुङ, संखुवासभा र काभ्रे जिल्लामा "नयाँ बन्ने संविधानमा सीमान्तकृत महिलाहरूको हक अधिकारको सुनिश्चिता" विषयक एक दिने सार्वजनिक बहस कार्यक्रम सम्पन्न भएको छ। संविधानसभामा विषयगत समितिद्वारा सीमान्तकृत महिलाहरूको सन्दर्भमा प्रस्तुत मस्यौदा प्रतिवेदनमाथि बहस गर्दै मस्यौदा प्रतिवेदनले समेट्न नसकेका महिलाका सवालहरू सम्बन्धी राय सुझाव संकलन गरी उक्त राय सुझावहरूलाई समायोजन गरी नयाँ बन्ने संविधानमा उल्लेख हुने गरी संविधान सभाका सभामुख समक्ष पेश गर्ने उदेश्यले उक्त बहस कार्यक्रमको आयोजना गरिएको थियो।

कार्यक्रममा स्थानीय विकास अधिकारीहरू, महिला विकास अधिकृत, लोकतान्त्रिक महिला मञ्चका पदाधिकारीहरू, प्रमुख राजनीतिक दलका महिला प्रतिनिधिहरू,




*सार्वजनिक सुनवाई तालिममा सहभागि र प्रशिक्षक*

सीमान्तकृत वर्गका पक्षमा वकालत गर्ने संघ संस्थाका प्रतिनिधिहरू, पत्रकार उपस्थिति थियो। कार्यक्रमको उदेश्य अनुरुप कार्यक्रममा सीमान्तकृत महिलाहरूको सवाल सम्बन्धमा संविधान सभामा विषयगत समितिद्वारा प्रस्तुत मस्यौदा प्रतिवेदनकोबारेमा सहभागीलाई जानकारी गराइ उक्त मस्यौदा प्रतिवेदनमा थपघट गर्नुपर्ने विषयहरूमाथि आवश्यक छलफल गरी सुझाव प्रस्तुत गर्न उपस्थित सहभागीहरूलाई ५ वटा समुहमा विभाजन गरी निम्नलिखित ५ वटा व्यवस्थाहरूको बारेमा व्यापक छलफल गराइ सुझाव लिइएको थियो।

- महिला हक
- नागरिकता सम्बन्धी
- अल्पसंख्यक, सीमान्तकृत तथा बहिस्कृत महिलाहरूका हक
- विभिन्न तहहरूका व्यवस्थापिका तथा सरकारहरूमा महिलाहरूको पहुँच र प्रतिनिधित्वको सुनिश्चिता
- न्यायालय, सार्वजनिक सेवा तथा आयोगहरूमा महिलाहरूको पहुँच र प्रतिनिधित्व

पाँच वटै जिल्लाको बहस कार्यक्रममा उपस्थित महिला सहभागीहरूबाट प्राप्त सुझावहरूलाई राष्ट्रिय तहमा संविधानसभा अध्यक्ष लगायत सभासदहरू तथा अन्य सरोकारवालाहरूलाई जानकारी गराई सीमान्तकृत महिलाहरूको मुद्दालाई नयाँ संविधानमा समेटनको लागि आवश्यक पहल गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ। पाँच वटै जिल्लास्तरीय बैठकबाट संकलित उक्त सुझावहरूलाई आवश्यक समायोजन गरी राष्ट्रियस्तरमा आयोजित बहस कार्यक्रममार्फत संविधान सभाका अध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङ्गसमक्ष पेश गरिएको थियो। साथै उक्त सुझावहरूलाई लोकतान्त्रिक महिला मञ्चका पदाधिकारीहरूले राष्ट्रपति महामहिम डा. रामवरण यादव तथा सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल समक्ष पेश गरेका थिए।

# एकदिने गोष्ठी

काठमाडौं/विभिन्न जिल्लामा भएका सार्वजनिक बहस कार्यक्रमबाट प्राप्त सुझावहरूलाई समेटि राष्ट्रिय तहमा आयोजित बहस कार्यक्रम मार्फत संविधानसभामा पेश गर्ने उद्देश्यका साथ २०६६ चैत्र ३ गते काठमाडौमा एक दिने राष्ट्रियस्तरको बहस कार्यक्रमको आयोजना गरियो। जिविस महासंघका अध्यक्ष श्री ऋषिराज लुम्सालीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग तथा विशिष्ट अतिथिको रुपमा स्थानीय विकास मन्त्री पुर्णकुमार सेर्माको उपस्थिति रहेको थियो। कार्यक्रममा संविधानसभाका माननीय सभासद्हरू, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरू, जिल्ला तथा केन्द्रीय तहमा रहेका सीमान्तकृत समुदायका संघ संस्थाका प्रतिनिधि, जिल्लास्तरीय लोकतान्त्रिक महिला मञ्चका पदाधिकारीहरू, परियोजना सञ्चालन गरिरहेका साझेदार संस्थाहरू विश्व परिदृश्य वकालत मञ्च तथा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका पदाधिकारीहरू सरोकारवाला संघसंस्थाहरूका प्रतिनिधि समेत गरी करिब १३० जनाको उपस्थिति रहेको थियो।

उक्त बहस कार्यक्रमको शुभारम्भमा सहभागीहरूलाई स्वागत गर्दै जिविस महासंघ नेपालका पूर्व अध्यक्ष माधव पौडेलले लोकतन्त्रको सुदृढीकरणका लागि स्थानीय तहमा गाउँ, नगर तथा जिल्ला सरकारको आवश्यकता रहेको र त्यी सरकारहरूको शासन प्रक्रिया र राजनैतिक सहभागितामा सीमान्तकृत महिलाहरूको स्थानलाई सुनिश्चित गरिनुपर्ने बताउनु भयो। जिविस महासंघका कार्यकारी महासचिव श्री हेमराज लामिछानेले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै परियोजनाको संक्षिप्त विवरण सहित परियोजनाले हालसम्मका गरेका उपलब्धीकाबारेमा प्रकाश पार्नु भएको थियो।

पाँचवटै जिल्लास्तरीय सार्वजनिक बहस कार्यक्रमबाट प्राप्त सुझावहरूलाई

लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधिहरू क्रमशः सावित्री राना मगर, (काभ्रे) ले महिला हक अधिकारको विषयमा, कल्पना नेपाली, (बाँके) ले नागरिकताको सवालमा, काली चौधरी (कञ्चनपुर) ले अल्पसंख्यक, सीमान्तकृत तथा बहिस्कृत महिलाहरूको अधिकारको विषयमा, सुष्मा वि.क, (लमजुङ) ले विभिन्न निकायहरूमा महिलाहरूको पहुँच र प्रतिनिधित्वको विषयमा र लक्ष्मी ढुंगाना, (संखुवासभा) ले न्यायलय, सार्वजनिक सेवा र आयोगमा महिला प्रतिनिधित्वको अधिकारको विषयमा प्राप्त सुझावहरूलाई छुट्टाछुट्टै रुपमा सभामुख समक्ष पेश गरेका थिए।




*गोष्ठी उदघाटन समारोहमा वरिष्ठ अतिथिहरू*

# प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

धुलिखेल/ जिल्ला विकास समिति महासंघ नेपालको आयोजनामा परियोजना लागू भएका जिल्लाहरूको लागि शासन, लैंगिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सम्बन्धी एक प्रशिक्षक प्रशिक्षण तालिम २०६६ चैत्र ४ गतेदेखि ८ गतेसम्म धुलिखेलमा सम्पन्न भयो । ५ दिने तालिम आवासीय रहेको थियो । उक्त तालिममा प्रत्येक जिल्लाबाट ४/४ जनाको दरले जम्मा २० जनाको सहभागिता रहेको थियो ।

उक्त तालिममा नेतृत्व विकास बिषयमा डम्बर राई, शासन तथा स्थानीय शासन बिषयमा सुवास सिवाकोटी, सुशासन सम्बन्धी बिषयमा बिनोद ढकाल, लैंगिक परीक्षण बिषयमा निर्मला थापा, सार्वजनिक लेखापरीक्षण बिषयमा रुद्र सापकोटा र सार्वजनिक सुनुवाई बिषयमा परशुराम उपाध्यायले प्रशिक्षण दिनु भएको थियो । उक्त उद्घाटनमा जिविस महासंघ नेपालको तर्फबाट हेमराज लामिछाने र दयासागर श्रेष्ठ, विश्व परिदृश्य वकालत मञ्चको तर्फबाट बागबीर कुमाल र आदीवासी जनजाति महिला मञ्चको तर्फबाट सोनी लामा उपस्थित हुनुहुथ्यो । तालिमका समापनमा तीनवटै साझेदार संस्थाहरूको उपस्थितिमा अनौपचारिक कार्यक्रम गरी तालिमको समापन गरिएको थियो । प्रशिक्षार्थीहरूलाई समापन कार्यक्रममा प्रमुख अतिथि जिल्ला विकास समिति महासंघ नेपालका प्रवक्ता कृष्णप्रसाद जैसीले प्रमाणपत्र वितरण गर्नु भएको थियो । तालिम कार्यक्रमको संयोजन परियोजना संयोजक दयासागर



*तालिममा सहभागीलाई प्रशिक्षण दिंदै प्रशिक्षक*

श्रेष्ठ र वरिष्ठ परियोजना अधिकृत नवराज कोइरालाले गर्नु भएको थियो ।

तालिममा कञ्चनपुरबाट रेशमा चौधरी, काली चौधरी, सुनिता बसुवा र प्रेम बोगटी, बाँकेबाट कल्पना नेपाली, शिला वाल्मिकी, लक्ष्मी चौधरी र विष्णु नेपाल, लमजुङबाट सुस्मा वि.क., लोका अधिकारी, संगीता अधिकारी र मेघेन्द्र पोखरेल, काभ्रेपलाञ्चोकबाट रशिला परियार, सावित्री रानामगर, सजना आले मगर र विदुर गौतम र संखुवासभाबाट सीता याम्फू राई, लक्ष्मी ढुंगाना, तारा दर्नाल र भोलामान गुरुङ सहभागि हुनुहुन्थ्यो ।

# राष्ट्रपति र प्रधानमन्त्रीसँग भेटघाट

काठमाडौं / नयाँ बन्ने संविधानमा सीमान्तकृत महिलाहरूको हक अधिकारको सुनिश्चिता विषयक एक दिवसीय राष्ट्रिय बहस कार्यक्रममा भाग लिन राजधानी आएका पाँच वटै जिल्लाका लोकतान्त्रिक महिला मञ्चको टोलीले २०६६ चैत्र ३ गते राष्ट्रपति महामहिम डा. रामवरण यादव तथा सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालसंग भेटघाट गरे ।

दुवै भेटघाटको अवसरमा सहभागी सीमान्तकृत महिलाहरूले आ-आफ्नो जिल्लामा लोकतान्त्रिक महिला मञ्चले गरेको महत्वपूर्ण प्रगति एवं उपलब्धीकोबारेमा महामहिम राष्ट्रपति तथा सम्माननीय प्रधानमन्त्रीलाई जानकारी गराएका थिए । भेटघाटको अवसरमा सीमान्तकृत महिलाहरूको हक अधिकारको सुनिश्चितताको सवालमा जिल्लास्तरीय सार्वजनिक बहस कार्यक्रमबाट प्राप्त सुझावहरूलाई ४२ बुँदे ज्ञापन-पत्रको रुपमा महामहिम राष्ट्रपति डा. रामवरण यादवसमक्ष संखुवासभा जिल्ला लोकतान्त्रिक महिलामञ्चकी सदस्य लक्ष्मी ढुंगानाले र सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालसमक्ष बाँके जिल्ला लोकतान्त्रिक महिला मञ्चकी अध्यक्ष कल्पना नेपालीले पढेर सुनाई हस्तान्तरण गर्नुभएको थियो । उक्त भेटघाटको अवसरमा तीनवटै परियोजना कार्यान्वयन निकायहरू क्रमशः जिविस महासंघ नेपाल, विश्व परिदृश्य वकालत मञ्च तथा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका पदाधिकारीको समेत उपस्थिति रहेको थियो ।

# लमजुङमा तीन दिने प्रशिक्षण

वेंसीशहर/सीमान्तकृत समुदायकका महिलाको राजनीतिमा पहुँच बढाउने उद्देश्यले लमजुङमा तीनदिने कार्यक्रम आयोजना गरियो । जिविस महासंघको अगुवाइमा विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको आयोजना रहेको कार्यक्रमको लमजुङ जिविसले समन्वय गरेको थियो । पुष १४ देखि २६ गतेसम्म चलेको उक्त कार्यक्रमको विषय



*तालिममा सक्रियतापर्वक सहभागीता जनाउँदै महिलाहरू*


"लैङ्गिकता, सामाजिक समावेशीकरण तथा जनवकालत" रहेको थियो । कार्यक्रममा लोकतान्त्रिक मञ्चका १५ जना र नौथर, श्रीभञ्ज्याङ, बन्सार, धुसेनी र नेटा गाविसमा गठित गाविसस्तरीय लोकतान्त्रिक महिला मञ्चबाट १० जना गरी २५ जनाले उक्त तालिममा भाग लिएका थिए । उक्त तालिममा मेघेन्द्र पोखरेल, संगिता अधिकारी, लक्ष्मी श्रेष्ठ, बिन्दु अधिकारी र सुरेन्द्र विष्टले प्रशिक्षण गरेका थिए । उक्त कार्यक्रमको समापन समारोहमा विश्व परिदृश्य वकालत मञ्चका थिमेटिक टिम लिडर श्री सुरेन्द्र विष्टले तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नु हुँदै तालिममा सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न अनुरोध गर्नु भएको थियो । कार्यक्रममा जिल्ला विकास समिति लमजुङका कार्यक्रम अधिकृत तथा परियोजनाका फोकल पर्शन मेघेन्द्र पोखरेलले प्रशिक्षार्थीहरूलाई तालिममा आफुले सिकेका ज्ञानलाई गाविसका अन्य महिलालाई समेत बाँडनु पर्ने बताउनु भयो । तालिमका सहभागीहरूले तालिम कार्यक्रम अत्यन्तै लाभदायक भएकोले महिला सशक्तीकरण सम्बन्धी यस्ता खाले थप कार्यक्रमहरू जिल्लामा ल्याइनु पर्ने बताएका थिए । तालिम समापन कार्यक्रमको अन्त्यमा परियोजनाको उदेश्य एवं लक्ष प्राप्तिको लागि सशक्त भूमिका निर्वाह गरी लमजुङ जिल्लाका सीमान्तकृत महिलाहरूको सशक्तीकरण तथा राजनीतिक सहभागिता अभिवृद्धिको लागि अमुल्य योगदान पुऱ्याउनु भएकोमा विश्व परिदृश्य वकालत मञ्चका थिमेटिक टिम लिडर सुरेन्द्र विष्टलाई जिल्लास्तरीय लोकतान्त्रिक महिला मञ्च तथा जिल्ला विकास समिति, लमजुङको तर्फबाट कदर-पत्र समेत प्रदान गरिएको थियो ।

CamScanner

# चेतनाका लागि सडक नाटक

बनेपा/ स्थानीय तहमा सीमान्तकृत महिला हक अधिकार र उनीहरुको राजनीतिक सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले चेतनामूलक कार्यक्रमका रुपमा सडक नाटक प्रदर्शन गरियो । २०६६ पौषदेखि चैत्र महिनासम्म परियोजना लागू भएका पाँच वटै जिल्लाका १६ वटा स्थानमा प्रर्दशन गरिएको उक्त सडक नाटकमा महिलाका राजनैतिक मुद्दाहरु र त्यससंग जोडिएको हक अधिकारका विषयलाई आधार वनाई कार्यक्रम सञ्चालन गरिएको थियो ।

सडक नाटक विशेष गरेर जिल्लाका नगर र गाउँहरुमा प्रदर्शन गरिएको थियो । जसअनुसार कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिका क्षेत्रमा, बाँके जिल्लाको नेपालगञ्ज नगरपालिका सहित कार्यक्रम लागू भएका पाँचवटै गाविसहरु बनकट्टी, इन्द्रपुर, हिरमिनिया, चिसापानी, खासकुस्मा, लम्जुङ्गको नौथर र नेटा गाविस, काभ्रको वनेपा नगरपालिका सहित देवभूमी, सिम्थली, फलाटे तथा, सापिङ्ग गाविसहरु र संखुवासभा जिल्लाको ठूलो बजारका रुपमा विकसित हुँदै गएको बाह्रविसे गाविस र कार्यक्रम सञ्चालन भएका खराङ्ग तथा वानेश्वर गाविसमा प्रर्दशन गरिएको थियो। उक्त सडक नाटक प्रदर्शनीलाई स्थानीय तहका कुल ३, ४५४ जनाले अवलोकन गरेका थिए । स्थानीय तहका कलाकारहरुको सहयोगमा सञ्चालन गरिएको उक्त कार्यक्रम जिल्ला लोकतान्त्रिक




*जागरण अभियानमा लागेका कलाकर्मीहरू देवभूमि बालुवा गा.वि.स. काभ्रेमा*

महिला मञ्च र गाउँस्तरीय लोकतान्त्रिक महिला मञ्चको संयुक्त आयोजनामा भएको थियो ।

# जिल्लास्तरीय समीक्षा बैठक सम्पन्न

काठमाडौं/ असोज २०६५ देखि नेपालको पाँचवटा जिल्लाहरु र त्यसअन्तर्गत २५ वटा गाविसहरुमा लागू भएको सिमान्तकृत महिलाहरुको राजनीतिक सहभागिता अभिवृद्धि कार्यक्रमका विषयमा जिल्लातहका सम्वन्धित सरोकारवालाहरु बिच अन्तरक्रिया, छलफलका साथै समीक्षा वैठक सम्पन्न भयो । विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, कार्यक्रम लागूभएका जिल्लाका जिविस तथा गाविसका पदाधिकारीहरु, आदिवासी जनजाती दलित संघसंस्थाका प्रतिनिधिहरु, स्थानीय संघसंस्थाका महिला प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुको उपस्थिमा भएको उक्त समिक्षा वैठक कार्यक्रममा जिल्ला लोकतान्त्रिक महिलामञ्च तथा गाविस लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधिहरुले जिल्ला तथा गाउँस्तरीय गतिविधिका उपलब्धीका विषयमा जानकारी गराउनु भएको थियो ।

साथै उहाँहरुले कार्यक्रम लागू भएपश्चात हाल लोकतान्त्रिक महिलामञ्चको स्थानीय तहमा राजनीतिक, सामाजिक क्षेत्रमा देखिएको भूमिका र आ-आफ्ना अनुभवहरु समेत जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा विशेष गरेर लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधिहरुले कार्यक्रम लागू भए पश्चात गाविस लोकतान्त्रिक महिला मञ्चको कार्यक्रमलाई सवैले सहना गरेको र आफूहरुको समेत क्षमता विकास हुन गई आत्मविश्वास बढेको बताउनु भयो । साथै उहाँहरुले कार्यक्रम २ बर्षका लागि मात्र आएकाले आगामी दिनमा यसको दिगोपनका लागि सबैले गम्भिररुपमा सोच्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनु भएको थियो । उक्त कार्यक्रममा पाँचवटै जिविसका स्थानीय विकास अधिकारी गाविस सचिवहरुले नेपाल सरकाको वर्तमान नीति बमोजिम स्थानीय निकायहरुले दलित, उत्पीडित, जनजाति तथा महिलाहरुको सशक्तीकरण आदिका क्षेत्रमा बजेट छुट्याउनुपर्ने अनिवार्य व्यवस्था भएकाले त्यसमा सहयोग गर्न अनुरोध गर्नु भयो । राजनीतिक दलका प्रतिनिधिहरुले आफ्नो जिल्लामा सीमान्तकृत महिलाहरुको राजनीतिक अभिवृद्धिका लागि लोकतान्त्रिक महिला मञ्चले गरेको कार्यप्रति खुशीप्रकट गर्दै भविष्यमा सहयोग गर्ने प्रतिवद्धता गर्नुभएको थियो ।

उक्त १ दिने समीक्षा वैठक कार्यक्रममा पाँचवटै जिल्लाहरुमा कुल २४३ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा त्यसअघि संविधान निर्माण प्रक्रिया र सीमान्तकृत महिलाहरुको हक अधिकारका विषयमा पाँचवटै जिल्लामा गरिएको सार्वजनिक वहस कार्यक्रम र केन्द्रमा गरिएको सार्वजनिक वहस कार्यक्रम साथै त्यसवाट प्राप्त सुझावहरुलाई महामहिम राष्ट्रपति र सम्माननीय प्रधानमन्त्री समक्ष बुझाइएको ज्ञापन पत्रलाई आधार मानेर तयार गरिएको २५ मिनेटको श्रव्य दृश्य (भिडियो) समेत कार्यक्रममा प्रदर्शनी गरिएको थियो । उक्त कार्यक्रम काभ्रेमा २०६६ चैत्र ३० गते र बाँकेमा चैत्र ३१ गते सम्पन्न भएको थियो ।

# काभ्रेमा तालिम

धुलिखेल/नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धिका लागि गठित जिल्लास्तरीय लोकतान्त्रिक महिला मञ्च तथा जिल्ला विकास समितिको संयुक्त आयोजनामा तथा  जिविस काभ्रेको संयुक्त आयोजनामा सीमान्तकृत महिलाहरूको शासन प्रक्रियामा पहुँच र सहभागिता अभिवृद्धि गर्ने मूल लक्ष्यमा साथ जिविस महासंघ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा र विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको सहयोगमा २०६६ चैत्र २७ –२९ गतेसम्म सुशासन, लैङ्गिक परीक्षण तथा सार्वजनिक सुनुवाई विषयक तीन दिने जिल्लास्तरीय तालिम धुलिखेलको तालिम केन्द्रमा सम्पन्न भएको छ ।


सीमान्तकृत महिलाहरूको शासन पक्रियामा पहुँच र सहभागिता अभिवृद्धि हुने उद्देश्यले गरिएको कार्यक्रमले

- नेतृत्व विकासका विविध पक्षहरूका विषयहरूमा जानकारी गराउने,
- शासन, स्थानिय योजना तर्जुमा, सुशासन तथा सेवा प्रवाह सम्बन्धि ज्ञान अभिवृद्धि गर्ने,
- लैङ्गिक परिक्षण सम्बन्धि ज्ञान अभिवृद्धि गर्ने,
- सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाईका विषयमा ज्ञान प्रदान गर्ने लक्ष्य राखेको थियो ।

# तस्बिरमा महिला गतिविधि



लमजुङमा सडकनाटक प्रदर्शन गर्दै कलाकारहरू



सिलाइ कटाइ तालिम लिदै संखुवासभा लोकतान्त्रिक महिला मञ्चका महिलाहरू




सुशासन, लैंगिक परीक्षण तथा सार्वजनिक सुनुवाई तालिमका सहभागी काभ्रेका महिलाहरू



अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) मनाउदै संखुवासभाका महिलाहरू

**तपाई पनि राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउन चाहानुहुन्छ भने हामीलाई सामग्री पठाई सहयोग गर्नुहोस् । हामी तपाईले पठाउनु भएको उचित सामग्री त्रैमासिक बुलेटिन वा रेडियोमार्फत प्रसारण गर्नेछौं ।**

## हामीलाई सामग्री पठाउने ठेगाना:

तारा दर्जी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, संखुवासभा-९८४२१९३५१९
सजना आले मगर, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक-९८४१९५०५४२
संगीता अधिकारी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, लमजुङ-९७४६००१३८०
लक्ष्मी चौधरी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, बांके-९८४८०५२५८७
सुनिता बसुवा (दर्जी), जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर-९८४८७२४४४१

वा

पोष्ट बक्स नम्बर : ११९२३, काठमाडौं, फोन: ०१-४९९००६३, फ्याक्स: ०१-४९९१०३७
ईमेल: niwfnepal@gmail.com